आज मिति२०८३/४/१ गते व्यास नगर कार्यपालिकाको २४२ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखे्रल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८३/३/२२ गते भएको २४१औ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: आ.व.२०८३/०८४ का लागि ४५ औं नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।

प्रस्ताव नं.३: आ.व. २०८२/०८३ मा कार्यालयबाट भएको सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.४: शिक्षक अनुदान वितरण सम्बन्धमा ।

प्रस्ताव नं.५: संशोधित शिक्षा नियमावलीको अन्तर्क्रिया गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६: सडक पेटीमा भएका संरचनाहरु हटाउन म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.७: सेवा निवृत्त कर्मचारीहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

प्रस्ताव नं.८: भूमिहिन सुकुम्बासी, भूमिहित दलित, अव्यवस्थित बसोबासीहरुको जग्गा नाप गर्ने प्रकृया सहजीकरण समिति पुनर्गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९: शिक्षक सरुवा तथा रिक्त कोटा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१०: व्यास नगरपालिका नगर प्रहरी नियमावली संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.११: विभिन्न म्याद समाप्त भएका योजनाहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.१२: रिक्त प्रहरी दरबन्दीमा विज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३: प्रधानाध्यापक पद अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.१४: कक्षा थप अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.१५: दिवंगत शिक्षकहरु प्रति हार्दिक समवेदना सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०३/२२ गते भएको २४१ औं कार्यपालिकाका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेट पारित कार्यक्रम २०८३ असार मसान्तसम्म भएका आन्तरिक आय, सञ्चित कोष, भुक्तानी एवं क्रमागत दायित्वका विषयहरुको जानकारी प्राप्त गरियो । दायित्वलाई प्राथमिकतामा राखि भुक्तानी प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ मा कार्यालयबाट प्रवाह गरिएको सेवा प्रवाहको समीक्षा गरियो । कार्यालयको सेवालाई अझ प्रभावकारी बनाउन सम्बन्धित जनप्रतिनिधिहरुसँग समन्वय गरी सेवा प्रवाहलाई सूचना प्रविधियुक्त एवं नगरवासीमैत्री बनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि संघीय शिक्षा मन्त्रालयबाट प्राप्त १९ मा.वि. एवं ५ आधारभूत तह शिक्षक अनुदान कोटा निम्नानुसार वितरण गर्ने निर्णय गरियो । आ.व.२०८२/०८३ मा कार्यरत अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा निरन्तरता दिन वा नयाँ विज्ञापन गरी नियुक्ति गर्न सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने र समन्वय गर्न शिक्षा शाखा प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**कोटा वितरण गरिएका विद्यालयहरु :**

| | | | |
|---|---|---|---|
| १. बादमन्दिर मा.वि. | २ (दुई) | व्यास २ | मा.वि. अनुदान |
| २. शिवपाञ्चायन मा.वि. | २ (दुई) | व्यास ३ | मा.वि. अनुदान |

| | | | |
|---|---|---|---|
| ३. पराशर मा.वि. | २ (दुई) | व्यास ५ | मा.वि. अनुदान |
| ४. इन्दु मा.वि. | ३ (तीन) | व्यास ६ | मा.वि. अनुदान |
| ५. शिव मा.वि. | २ (दुई) | व्यास १० | मा.वि. अनुदान |
| ६. सर्वज्योती मा.वि. | २ (दुई) | व्यास १० | मा.वि. अनुदान |
| ७. भानु मा.वि. | ३ (तीन) | व्यास १० | मा.वि. अनुदान |
| ८. सिद्दबेनी मा.वि. | ३ (तीन) | व्यास १३ | मा.वि. अनुदान |
| **जम्मा :** | **१९ (उन्नाइस)** | | |
| ९. व्यास नगर समता विद्यालय | १ (एक) | व्यास ७ | आधारभूत तह अनुदान |
| १०. जनता आधारभुत विद्यालय | १ (एक) | व्यास १० | आधारभूत तह अनुदान |
| ११. बसन्त आधारभुत विद्यालय | १ (एक) | व्यास ११ | आधारभूत तह अनुदान |
| १२. चण्डिका आधारभुत विद्यालय | १ (एक) | व्यास ११ | आधारभूत तह अनुदान |
| १३. छाब्दी बाराही आधारभुत विद्यालय | १ (एक) | व्यास १२ | आधारभूत तह अनुदान |
| **जम्मा :** | **५ (पाँच)** | | |

**कुल दरबन्दी २४**

**<u>निर्णय नं.५:</u>** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले हालसालै जारी गरेको शिक्षा नियमावलीमा आएका परिवर्तित व्यवस्थालाई व्यास नगरपालिकाका सबै कार्यपालिकाका पदाधिकारी सदस्यहरु, शिक्षा समिति सदस्यहरु, व्यास नगरपालिकाका सामुदायिक विद्यालयका अध्यक्षहरु र सबै प्रधानाध्यापकहरुसँग अन्तर्क्रिया गर्नुपर्ने देखिँदा मिति २०८३/०४/०८ गते शुक्रबार बिहान ११:०० वजे नगर सभा कक्षमा बैठक बस्ने गरी सम्बन्धित पक्षहरुलाई समन्वय गरी आवश्यक प्रबन्ध मिलाउन शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विशेष गरी वडा नं.२, ३ र ४ वजार क्षेत्रमा सडक मापदण्डलाई ध्यान नदिई विभिन्न संरचना एवं व्यवसाय गरेको पाइएकोमा ३५ दिनभित्र हटाउन सूचना प्रकाशित भएकोमा सो कार्य सम्पन्न हुन बाँकी रहेकाले सम्बन्धित वडा प्रतिनिधिहरुसँग समन्वय गरी सम्बन्धित घरधनी एवं व्यवसायीहरुसँग छलफल गरी मिति २०८३/०४/१५ गतेसम्ममा उक्त संरचना हटाउने र हटाउन अटेर गरेमा त्यस्ता संरचनाहरु हटाउन, छतको पानी सिधै सडकमा खसाल्ने पाइपहरु हटाउन भूमि नियमन तथा घर नक्सा शाखालाई निर्देशन दिने र आवश्यक परे सुरक्षा निकायमा समेत समन्वय गर्ने निर्णय गरियो । साथै सार्वजनिक जमिन कब्जा गरेको सूचना नगरपालिकामा सोही अविधभित्र दिन सम्बन्धित सबैमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा केही कर्मचारीहरु प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आएकाले कार्यरत केही करार कर्मचारीहरुलाई सेवामा निरन्तरता दिन असम्भव भएको र केही कर्मचारीहरुले राजीनामा दिनुभएकाले सम्बन्धित सबै कर्मचारीहरुको कार्यालयमा रहँदा प्रदान गर्नुभएको सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.८</u>:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्ने प्रक्रियाको कार्यमा सहजीकरण गर्न नगर एवं वडास्तरीय सहजीकरण समितिलाई पुनर्गठन गरी राष्ट्रिय मान्यता प्राप्त दल रा.स्व.पा., नेपाली कांग्रेस, ने.क.पा., श्रम सँस्कृति र रा.प्र.पा. को प्रतिनिधिहरु सम्बन्धित समितिमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित शिक्षकहरुलाई कामकाजमा निम्न लिखित विद्यालयमा खटाउने निर्णय गरियो ।

(क) व्यास १० चण्डीदेवी मा.वि. मा कार्यरत मा.वि. राहत नेपाली शिक्षक श्री गणेश लोहनीलाई व्यास १२ सिद्धेश्वरी मा.वि.मा कामकाज गर्ने गरी व्यवस्थापन गर्ने ।

(ख) प्रा.वि. रिक्त दरबन्दी शहिद धर्म आधारभुत विद्यालयमा पठाइ सरुवा विज्ञापन वा नयाँ नियुक्तिका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७ लाई निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

(१) नियम १२ (१) (क) मा संशोधन :- ×३० वर्ष ननाघेको" सट्टा ×४५ वर्ष ननाघेको" राख्ने ।

(२) नियम १२ (१) (ख) मा संशोधन :- ×स्वीकृत विश्वविद्यालयबाट र घटीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको" भन्ने वाक्यांश हटाई " घटिमा एस.इ.इ वा सो सरह उत्तीर्ण गरेको वा नेपाल प्रहरी, सशस्त्र प्रहरीको न्यूनतम प्रहरी निरीक्षक सम्मको वा नेपाली सेनाको उपसेनानी" सम्मको पदमा रही काम गरी सकेको ।

(३) नियम १३ मा संशोधन :-

×पदपूर्ति समिति" : साविक व्यवस्था हटाई - यस नियमावली अनुसार नियुक्त हुने प्रहरीहरु छनौट गरी सिफारिस गर्ने प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले तोके अनुसार पदपूर्ति समिति रहनेछ ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत ठेक्कादवारा सञ्चालित निम्न लिखित योजनाहरुको निम्नानुसार म्याद थप गर्ने निर्णय गरियो ।

| सि. नं. | योजनाको नाम | वडा | फर्मको नाम | कारण | म्याद थप गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | कालिका शहिद मार्ग स्तरोन्नति (प्रदेश समपूरक) | ८ | मुभमेन्ट विल्डर्स प्रा.लि. काठमाण्डौ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| २ | खड्गकाली मोटर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण (संघ समपूरक) | ११ | विशाल एण्ड विराट/विशाल एण्ड वि.पु.जे.भि काठमाण्डौ | वर्षात, निर्माण सामाग्रिको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| ३ | मानहुँकोट अधुरो लिफ्ट खानेपानी योजना दोस्रो चरण (संघ विषेश) | ५ | डन्कन/एस.आई.सि. पि.एल. जे.भि. | विद्युत जडानमा ढिलाई साथै वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| ४ | शहरी कालोपत्रे सडकको आवधिक मर्मत | १,२,३ | पञ्चमुल निर्माण | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| ५ | झाक्रीथान खानेपानी योजना ( प्रदेश विषेश) | १३ | बेलु निर्माण सेवा व्यास २ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | श्रावण मसान्त २०८३ |
| ६ | उदय मा.वि.बाखे झो.पु. निर्माण परामर्श सेवा | ५ | गैरसरकारी संस्था समन्वय समिति | श्रोत व्यवस्थापन | असोज मसान्त २०८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | उदय मा.वि.बाखे झो.पु. निर्माण परामर्श सेवा | ५ | श्रीभद्र खनाल | श्रोत व्यवस्थापन | असोज मसान्त २०८३ |
| ८ | आवधिक योजना निर्माण योजना | | फोर जि इन्जिनियरिङ सोलुसन प्रा.लि. | | असोज मसान्त २०८३ |
| ९ | कमेरेखोला साँध खोला खानेपानी योजना | १३ | श्री मिर नेपा कन्स्ट्रक्सन पोखरा | विद्युत जडानको कारण | श्रावण मसान्त २०८३ |
| १० | केशवटार लिफ्ट खानेपानी योजना (गजौडी मूल) | १४ | श्री अर्गेजा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. बाग्लुङ | निर्माण स्थलको जटिलता | श्रावण मसान्त २०८३ |
| ११ | बैरेनी क्षेत्रमा बैरेनी जग्गा एकीकृत आयोजना अर्न्तगत सडक तथा स्ट्रक्चर निर्माण | १० | श्री एच आर वि./ शिवदेव जे.भि काभ्रे | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १२ | कलेस्ती पुल अधेरीभञ्ज्याङ मार्ग स्तरीकरण | १० | लक्ष्मी निर्माण सेवा व्यास २ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १३ | मादी पुलदेखि बैरेनी मार्ग स्तरीकरण | १० | लक्ष्मी निर्माण सेवा व्यास २ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १४ | सिरान टोल दरै भवन चोकदेखि भेटघाट चोक सडक स्तरीकरण | १ | लक्ष्मी निर्माण सेवा व्यास २ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १५ | फोहोरमैला व्यवस्थापन केन्द्र बाटो स्तरोन्नति | १ | लक्ष्मी निर्माण सेवा व्यास २ | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १६ | वि.पि. वनबाट खेलमैदान स्तरीकरण (८६३) | ३ | घासीकुवा निर्माण सेवा | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १७ | वडा कार्यालय भवन निर्माण | ३ | श्री इकोजोन आर्किटेक्ट एण्ड कन्स्टक्सन पोखरा | वर्षात, निर्माण सामग्रीको अभाव र मूल्यवृद्धि | असोज मसान्त २०८३ |
| १८ | देवीडाडाँ खानेपानी योजना | १० | श्री जि.एस. इन्जिनियरिङ एण्ड विल्डर्स पोखरा | मूल्यांकन र अनुगमन बाँकी | असोज मसान्त २०८३ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा रिक्त हुन आएको एक नगर प्रहरी सहायक निरीक्षक दरबन्दीमा नियुक्तिका लागि १५ दिने विज्ञापन गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै प्राप्त दरखास्तहरुमा नियमानुसार छनौट गरी नियुक्तिका लागि सफारिस गर्ने निम्नानुसार पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

(१) श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
(२) श्री केदारराज आचार्य - शिक्षा शाखा प्रमुख - सदस्य
(३) श्री गोकर्णराज वाग्ले - सूचना प्रविधि शाखा प्रमुख - सदस्य
(४) श्री जिल्ला प्रहरी कार्यालय तनहुँ अधिकृतस्तर प्रतिनिधि - सदस्य
(५) श्री रामचन्द्र हड्खले - प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

**<u>निर्णय नं.१३</u>**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतनिर्मल माध्यमिक विद्यालय व्यास–१ मा  रिक्त हुन गएको प्रधानाध्यापक पदमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयानुसारमाध्यमिक तहका स्थायी शिक्षक श्री विमल सिग्देललाई प्रधानाध्यापक पदमा सिफारिस भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४</u>**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१ स्थित सञ्चालित आदिकवि भानुभक्त माध्यमिक विद्यालयले कक्षा १२ सञ्चालनको अनुमति माग गरे अनुसार कक्षा १२ सञ्चालनको अनुमति प्रदान गर्नेनिर्णय गरियो ।

**<u>निर्णय नं.१५</u>**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ शिशाघाट स्थित महेन्द्रज्योती माध्यमिक विद्यालयका प्र.अ.श्री हरिराज काफ्ले र व्यास १४ ठिन नयाँगाउँ स्थित अमरज्योति आधारभूत विद्यालयका राहत शिक्षक श्री सुनिल थापाको दु:खद् निधन भएकाले दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै सम्बन्धित परिवारजनप्रति हार्दिक समावेदना व्यक्त गर्ने निर्णय गरियो ।

***